## घरभाडा संझौता पत्र

लिखितम गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं १७ बिरौटा निवासी श्री टेक बहादुर ढकालको नाती उध्दीम बहादुर ढकालको छोरा वर्ष ६६ को दल बहादुर ढकाल ( यस पछि प्रथम पक्ष भनिने) र पोखरा महानगरपालिका वडा नं २१ निर्मलपोखरी साम्मी निवासी पुष्पराज पौडेलको बुहारी श्री ढाका राम पौडेलको श्रीमती वर्ष ४२ की श्रीमती देवी पौडेल (यस पछि दोस्रो पक्ष भनिने) बिच भेटेरीनरी/कृषि (दिक्षा भेटेरीनरी सेन्टर) व्यवसाय गर्न घरभाडामा लिनदिन मन्जुर भई तपशिलको सर्तनामा रही संझौता गरी लियौं/दियौं ।इति सम्वत् २०७९ साल माघ १५ गते रोज ५ शुभम् ।

तपशिल:

१.प्रथम पक्षले दास्रो पक्षलाई भेटेरीनरी/कृषि व्यवसाय संचालन गर्नका लागि पोखरा महानगरपालिका वडा नं १७ बिरौटामा रहेको कित्ता नं १३८ क्षेत्रफल ११ आनामा बनेको घर नं ३३५ मा रहेका दुवै सटरहरु मासिक भाडामा १०(दश) बर्षको लागि उपलब्ध गराउने छ ।

२.भाडामा लगाउने २ वटा सटरको मासिक भाडा रु.२००००।— (अक्षेरुपी बीस हजार रुपैया मात्र ।) दोस्रो पक्षले प्रथम पक्षलाई मासिक रुपमा उपलब्ध गराउने छ।

३.पसलमा आवश्यक पर्ने विजुली, पानी प्रथम पक्षले दोस्रो पक्ष लाई उपलब्ध गराउनु पर्ने छ सो बापत लाग्ने सबामिटरमा उठेको मिटर अङ्कको रकम दोस्रो पक्षले प्रथम पक्षलाई भुक्तानी गर्नुपर्ने छ ।सवामिटर दास्रो पक्षले नै राखे व्यवस्था गर्ने छ ।

४.भेटेरीनरी/कृषि व्यवसाय गर्दा निस्कने फोहोरको व्यवस्थापन दोस्रो पक्षकी पसल सँचालिका देवी पौडेल स्वयंले फोहोर मैलाको गाडीमा राखी व्यवस्थापन गर्नुपर्ने छ ।

५.संझौता अवधिभरमा विपेश पिरिस्थीति आई दोस्रो पक्षले व्यवसाय संचालन गर्न नसक्ने अवस्था आएमा दोस्रो पक्षले कुनै तेस्रो पक्षलाई पसल बिक्री गर्न सक्ने छ ।

६.घरभाडामा लगाई आम्दानी गरेबापत नियमानुसार लाग्ने कर प्रथम पक्षले बुझाउनु पर्ने छ ।

७.दोस्रो पक्षलाई थप कोठा आवश्यक पर्ने अवस्था भएमा आपसी समझदारीमा प्रचलित चलनचल्ती अनुसारको भाडा कायम गरी लिन/दिन सकिने छ ।

| घर भाडामा दिने | घर भाडामा लिने |
| --- | --- |
| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
| दल बहादुर ढकाल | देवी पौडेल |
| पोखरा १७ बिरौटा | पोखरा २१ निर्मलपोखरी |
| दस्तखत: | दस्तखत : |

साक्षीहरु :

१.पोखरा महानगरपालिका वडा नं २१ बस्ने बर्ष ४९ का श्री ढाका राम पौडेल ...............१

२.पोखरा महानगरपालिका वडा नं १७ बस्ने बर्ष की श्रीमती लक्ष्मी ढकाल ..............१

इति सम्वत् २०७९ साल माघ १५ गते रोज ५ शुभम् ।